# *UW-Madison* बाट अवकाश लिने:

# *Wisconsin Retirement System (WRS)* को चरणबद्ध गाइड

*University of Wisconsin–Madison Wisconsin Retirement System (WRS)* मा भाग लिने एउटा *State of Wisconsin* को रोजगारदाता हो। तपाईंले काम छोड्नु भएपछि तपाईं *WRS* बाट अवकाशका सुविधाहरू पाउन योग्य हुन सक्नुहुन्छ।

## म कहिले अवकाश पाउन योग्य हुन्छु ?

तपाईं अवकाश सुविधाहरूका लागि योग्य हुनुहुन्छ यदि तपाईंले:

- *WRS* ले समेट्ने सबै कामबाट अवकाश लिनुहुन्छ र
- *WRS* मा *vested** हुनुहुन्छ र
- ५५ वर्षको उमेर वा माथि (संरक्षित *WRS* वर्गको लागि ५० वर्षको उमेर वा माथि) हुनुहुन्छ।

***Vested*** भनेको *WRS* अवकाश सुविधा पाउनको लागि तपाईंले आवश्यक कुल वर्ष काम गर्नुभएको छ।

- यदि तपाईंले **जुलाई १, २०११ वा सो मिति भन्दा पछि** *WRS* को काम शुरू गर्नुभएको हो भने, तपाईं *vested* हुनको लागि तपाईंले पाँच वर्षको *WRS* को क्रेडिट पाउने काम गर्नुभएको हुनुपर्दछ।
- यदि तपाईंले **जुलाई १, २०११ भन्दा अघिको मितिमा** *WRS* को काम शुरू गर्नुभएको हो भने, तपाईंले काम शुरू गर्नुहुँदा तपाईं *vested* हुनुभयो।

## अवकाशको प्रक्रियाको क्रममा मैले कसलाई सम्पर्क गर्न सक्दछु ?

- **तपाईंको विभागको मानव संसाधन कार्यालय *(Human Resources)***
  hr.wisc.edu/contact

  तपाईंको विभागको *HR* ले तपाईंलाई सहयोग गर्न सक्दछ:
  - तपाईंको अवकाशको सूचना पठाउनुहोला र
  - तपाईंको बिदाको समय हेर्नुहोला।

- ***UW–Madison* सुविधा सेवा *(Benefits Services)***
  *Benefits Services:* benefits@ohr.wisc.edu वा 608-262-5650
  सांस्कृतिक भाषागत सेवा *(CLS)*: hr.wisc.edu/cls वा 608-262-7521

*Benefits Services* ले तपाईंलाई सहयोग गर्न सक्छ:

- अवकाश प्रक्रियाको बारेमा जानकारी पाउनको लागि,
- अवकाशले तपाईंको सुविधाहरूमा कसरी प्रभाव पार्दछ,
- अवकाश सम्बन्धी प्रश्नहरूको उत्तर दिन (ईमेल मार्फत कुनैपनि बेलामा) र
- तपाईंले अवकाश लिनुहुने १२ महिना अघिसम्म "अवकाशको बेला सुविधाहरूको *(Benefits at Retirement)*" भेटघाटको समय बनाउने।

*UW–Madison* सुविधा सेवासँग कुराकानी गर्ने बेलामा यदि तपाईंलाई भाषा अनुवादकको आवश्यकता भएमा *CLS* लाई सम्पर्क गर्नुहोला।

- **सामाजिक सुरक्षा प्रशासन *(Social Security Administration)***
  [ssa.gov/agency/contact](ssa.gov/agency/contact) वा 1-800-772-1213

  सामाजिक सुरक्षा प्रशासनले तपाईंलाई *Medicare* मा भर्ना गर्न (६५ वर्षको उमेर वा माथि हुनुभएमा) र सामाजिक सुरक्षाको सुविधाहरू शुरू गर्न सहयोग गर्न सक्दछन्।

- ***Wisconsin Department of Employee Trust Funds (ETF)***
  [etf.wi.gov/contact-us](etf.wi.gov/contact-us) वा 877-533-5020

  *ETF* ले *WRS* अवकाश सुविधाहरू र अवकाश पाएकाहरूको (*retiree*) *State Group Health* बीमा कार्यक्रमको प्रशासन गर्दछ। *ETF* ले तपाईंलाई तपाईंको अवकाशको सुविधाहरूको चयन सूची प्रदान गर्न सक्दछ:

  1. *ETF* लाई सम्पर्क गर्नुभएर वा [etf.wi.gov/retirement/applying-retirement](etf.wi.gov/retirement/applying-retirement) वेबसाईटमा जानुभएर तपाईंको **अवकाशको अनुमानित सुविधा र आवेदन *(Retirement Benefit Estimate and Application) (ET-4301)*** अनुरोध गर्नुहोला। तपाईंले हरेक १२ महिनामा एकपटक आफ्नो अवकाशको अनुमानित सुविधाको अनुरोध गर्न सक्नुहुन्छ।
  2. *ETF* ले तपाईंको सुविधाहरूको चयनहरू तपाईंको **अवकाशको अनुमानित सुविधामा** प्रदान गर्नेछ।
  3. तपाईंको ***Retirement Benefit Estimate and Application (ET-4301)*** तपाईंले तपाईंको घरको ठेगानामा ६ हप्ता भित्रमा पाउनुहुनेछ।

## स्वास्थ्य बीमाको बारेमा के छ त ?

जब तपाईंले अवकाश लिनुहुन्छ, तपाईंको *UW–Madison* को स्वास्थ्य बीमा तपाईंले काम सक्नुहुने महिनाको अन्तिम दिनमा अन्त्य हुन्छ। यदि तपाईंले तुरुन्तै अवकाशको सुविधाहरू लिनुभयो भने, *ETF* ले तपाईंलाई स्वत *State Group Health* बीमा योजनामा भर्ना गर्नेछ। तपाईंको *retiree* बीमा तपाईंले अवकाश लिनुभएको महिनाको अर्को महिनाको पहिलो दिनबाट शुरू हुनेछ।

**उदाहरणको लागि:** यदि तपाईंको कामको अन्तिम दिन मे १५ हो भने, तपाईंको कर्मचारी *State Group Health* बीमा मे ३१ मा अन्त्य हुन्छ। तपाईंको *retiree State Group Health* बीमा जुन १ मा शुरू हुनेछ।

६५ वर्षको उमेर वा माथिका *retiree State Group Health* बीमामा भर्ना भएका कोही पनि *Medicare Part A* र *Medicare Part B* मा पनि भर्ना हुनुपर्दछ।

**Medicare* भनेको संघीय स्वास्थ्य बीमा कार्यक्रम हो। *Medicare* को बेग्ला बेग्लै भागले विशेष सेवाहरू समेट्दछ। *Medicare Part A* ले अस्पतालको बीमा प्रदान गर्दछ र *Medicare Part B* ले डाक्टरसँगको भेटघाट र परीक्षणहरू समेट्दछ।

प्रायजसो कर्मचारीहरू आफ्नो बिरामी बिदा प्रमाणित गर्न योग्य छन् यदि सो कर्मचारीहरूले तुरुन्तै अवकाश सुविधा लिने योजना बनाएका छन् र आफ्नो काम अन्त्य गर्ने बेलामा *State Group Health* बीमामा भर्ना भएका छन्।

- *ETF* ले तपाईंको *retiree State Group Health* बीमाको प्रिमियमहरू (*Uniform Dental* सहित वा बिना) तिर्नका लागि बिरामी बिदा चलाउनेछ।
- यदि तपाईंको सबै बिरामी बिदा सक्किएपछि तपाईंलाई *retiree State Group Health* बीमा राख्ने इच्छा छ भने, तपाईंले आफैंले तपाईंको *State Group Health Insurance* बीमा प्रिमियमहरू तिर्नुपर्ने हुन्छ। (तपाईंले तपाईंको मासिक अवकाश भत्ताबाट वा सीधै *ETF* लाई तिर्न सक्नुहुन्छ।)
- तपाईंको बिरामी बिदाको क्रेडिट अनुमान गर्नको लागि *Sick Leave Credit Conversion Program Estimator* चलाउनुहोला: wisconsin.edu/ohrwd/benefits/sle

## बिदाको समयको बारेमा के छ त?

**बिदाको समयमा** तपाईंले कमाउनु भएको *vacation*, व्यक्तिगत बिदा र साँच्नुभएको *vacation* का घण्टाहरू समावेश छन्। यसमा तपाईंको बिरामी बिदाका घण्टाहरू पर्दैनन्।

जब तपाईंले अवकाश लिनुहुन्छ, तपाईंको बाँकी बिदाको समयको सट्टामा भत्ता पाउन तपाईं योग्य हुनुहुन्छ। *Layoff, nonrenewal* वा *termination for cause* का कारण तपाईंको काम अन्त्य भयो भने केही रोकहरू छन्।

यदि तपाईं योग्य हुनुहुन्छ भने, तपाईंले यी ३ मध्ये १ छनौट गर्न सक्नुहुन्छ:

**चयन १**: एउटा भुक्तानी (एक्मुस्ट भुक्तानी रकम) जुन तपाईंको बिदाको समय बराबर हुन्छ।

**चयन २**: पेरोलमा रहनको लागि तपाईंको बिदाको समय चलाउने।

- तपाईंको कामको अन्तिम दिन तपाईंको सबै बिदा अन्त्य भएपछि हुन्छ।
- यस समयमा, *UW–Madison* ले तपाईंको सुविधाहरूको योगदान जारी राख्नेछ।

**चयन ३**: चयन १ र चयन २ को संयोजन।

- पेरोलमा रहनको लागि तपाईंको केही बिदाको समय चलाउने र
- तपाईंको बाँकी बिदाको समयको लागि एक्मुस्ट भुक्तानी रकम पाउने।

तपाईंले एक्मुस्ट भुक्तानी रकम पाउनु वा तपाईंको कामको अन्त्य मिति बढाउनु **अघि** तपाईंको सबै सक्रिय कार्यपदहरूको लागि तपाईंले सबै बिदाको रिपोर्ट बुझाउनु पर्नेछ।

प्रश्नहरू छन्? तपाईंको विभागीय *HR* सँग कुरा गर्नुहोला (hr.wisc.edu/contact)।

## तपाईंको अवकाशको सूची

| | |
|---|---|
| ☐ | *ETF* बाट ***Retirement Estimate and Application (ET-4301)*** अनुरोध गर्नुहोला: etf.wi.gov/retirement/applying-retirement । |
| ☐ | *UW–Madison Benefits Services* र तपाईंको विभागीय *HR* कार्यालयलाई अवकाश प्रक्रिया र अवकाश मिति कसरी छनौट गर्ने बारेमा सोध्नुहोला । |
| ☐ | तपाईंको अवकाश सूचना (लिखित रूपमा) तपाईंको सुपरभाईजर र विभागीय *HR* लाई दिनुहोला । |
| ☐ | तपाईंको *Retirement Estimate and Application (ET-4301) ETF* लाई बुझाउनुहोला । तपाईंले तपाईंको अवकाश मिति भन्दा ९० दिन **अघिबाट** नै आवेदन बुझाउन सक्नुहुन्छ ।<br><br>**महत्त्वपूर्ण:** यदि *ETF* ले तपाईंको आवेदन तपाईंको आवेदनको मितिको ९० दिन भन्दा **पछि** पायो भने, तपाईंले केही सुविधाहरू गुमाउन सक्नुहुन्छ । |
| ☐ | यदि तपाईं **वा** तपाईंको स्वास्थ्य बीमामा निर्भर व्यक्ति ६५ वर्षको उमेर वा माथि हुनुहुन्छ भने, *Medicare Parts A* र *Medicare Parts B* मा भर्ना हुन *Social Security Administration* लाई सम्पर्क गर्नुहोला । रोजगारदाताको बयानको *(employer statement)* लागि *UW–Madison Benefits Services* लाई सोध्नुहोला । |
| ☐ | तपाईंको अवकाशको छोटो समय पछि *UW Shared Services* लाई तपाईंलाई हुलाक मार्फत चिठी पठाउनेछ । *UW–Madison* मा तपाईंको बीमा जारी राख्न (जस्तै कि *supplemental* दाँत र आँखा बीमा) अनुमति दिने सुविधाहरूको लागि चिठीमा दिईएको निर्देशनहरूको पालना गर्नुहोला ।<br><br>**याद गर्नुहोला:** यदि तपाईंले तुरुन्तै अवाकाशको सुविधा छनौट गर्नुभयो भने, तपाईंको *State Group Health* तपाईंले अवकाश लिनुभएपछि **स्वत** जारी रहनेछ । |

विस्तृत सूचीको लागि यो वेबसाईट हेर्नुहोला wisconsin.edu/ohrwd/benefits/download/ret/roadmap.pdf ।

## यदि मैले अवकाश पाए पछि *WRS* रोजगारदाता मार्फत काम पाएँ भने के हुन्छ ?

तपाईं एक **पुनर्नियुक्त कर्मचारी *(rehired annuitant)*** हुनुहुनेछ ।

- सुविधाहरूमा तपाईंको योग्यता तपाईंको नयाँ कार्यपदमा भर पर्दछ ।
- तपाईंको नयाँ *WRS* रोजगारदाताको *HR* लाई तपाईं *rehired annuitant* हुनुहुन्छ भनेर भन्नुहोला र सुविधाहरूमा तपाईंको योग्यताको बारेमा सोध्नुहोला ।
- *Rehired annuitants* को बारे थप जानकारीको लागि etf.wi.gov/publications/et4105/direct वेबसाईट हेर्नुहोला ।

ध्यान दिनुहोला: यो कागजात एक सारांश हो र सबै व्यक्तिगत परिस्थितिहरूलाई सम्बोधन नगर्न सक्छ । सम्भव भएसम्म यो जानकारी तत्काल र सही छ ।